# त्रिभुवन विश्वविद्यालय बुलेटिन

# Tribhuvan University Bulletin

वर्षः–३८ | २०६२ भदौ | अङ्क :– २


**विजया दशमी– २०६२ को शुभउपलक्ष्यमा समस्त नेपालीहरूको सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

*– त्रिभुवन विश्वविद्यालय परिवार*



# रत्नराज्यलक्ष्मी क्याम्पसको वार्षिकोत्सव सम्पन्न

काठमाडौं। रत्नराज्यलक्ष्मी क्याम्पसले श्री ५ मुमाबडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको ७८ औं शुभजन्मोत्सव तथा क्याम्पसको ४५ औं वार्षिकोत्सव भदौ ४ गते एक समारोह आयोजना गरी मनाएको छ ।

त्यस अवसरमा क्याम्पस परिसरमा रहेको श्री ५ मुमाबडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको प्रतिमामा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. महेन्द्र सिंह, क्याम्पस प्रमुख सुनीलकुमार पौडेल लगायत अतिथिगण तथा शिक्षक तथा कर्मचारीहरूले माल्यार्पण गर्नुभएको थियो ।

समारोहमा प्रमुख अतिथि शिक्षाध्यक्ष प्रा.डा. सिंहले रत्नराज्यलक्ष्मी क्याम्पसबाट यस वर्ष विभिन्न विषयको परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गरेका विभिन्न तहका विद्यार्थीहरूलाई पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

यसै गरी उहाँले उमेरको हदले यस वर्ष अनिवार्य अवकाश पाउने शिक्षकद्वय भुवनमान सिंह राजभण्डारी र रामप्रसाद भट्टराईलाई दोसल्ला ओढाई सम्मान तथा विदाई गर्नुका साथै उत्कृष्ट काम गर्ने सो क्याम्पसका कर्मचारीहरूलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

सो समारोहलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष डा. सिंहले मानविकी सङ्कायअन्तर्गत सबैभन्दा बढी विषयहरू पढाइ हुने रत्नराज्यलक्ष्मी क्याम्पस त्रिभुवन विश्वविद्यालयको गौरव रहेको बताउनुभयो ।

उहाँले त्रिभुवन विश्वविद्यालय प्राज्ञिक, भौतिक, आर्थिकरूपमा जर्जर भएको भन्ने हल्ला निरर्थक हो भन्नुभयो।

कार्यक्रममा मानविकी र सामाजिकशास्त्र संकायका डीन प्रा. रमेशराज कुंवरले क्याम्पसमा शिक्षणको साथसाथै अनुसन्धानको कार्य पनि संगसंगै हुनु पर्नेमा जोड दिनुभयो ।

सभापतिको आसनबाट क्याम्पस प्रमुख सुनीलकुमार पौडेलले रत्नराज्यलक्ष्मी क्याम्पस त्रिविको मानविकी पढाई हुने सबैभन्दा ठूलो क्याम्पस भएकोले मानविकी संकाय सम्बन्धी नीति निर्धारण गर्दा यस क्याम्पसलाई पनि प्रतिनिधित्व गराउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्याय, त्रिवि प्राध्यापक संघका महासचिव डा.रामकुमार यादव, क्याम्पस प्राध्यापक संघ एकाइ सभापति कुलप्रसाद कोइराला, त्रिवि कर्मचारी संघका अध्यक्ष कुमारप्रसाद हुमागाई, कर्मचारी संघ क्याम्पस एकाइ सभापति छत्रबहादुर कार्की, क्याम्पस स्ववियु सभापति बालगोपाल उपाध्याय, छात्रवृत्ति संस्थापक वीरेन्द्रबहादुर सिंहलगायतका महानुभावहरूले आ-आफ्नो राय प्रस्तुत गर्नुभएको थियो।

# त्रिचन्द्र क्याम्पसद्वारा भौगर्भिक प्रदर्शनीको आयोजना

काठमाडौं । त्रिचन्द्र क्याम्पस भूगर्भशास्त्र विभागद्वारा आयोजित चौथो भौगर्भिक प्रदर्शनीको विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. विदुरप्रसाद उपाध्यायले भदौ २७ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

तीन दिने सो प्रदर्शनी पृथ्वीको उत्पत्ति र वनावट, प्लेट टेक्टोनिक्स र हिमालयको उत्पत्ति, चट्टान र खनिज पदार्थको परिचयका साथै भुईचालो, ज्वालामुखी, बाढी-पहिरो र सुनामी जस्ता प्राकृतिक प्रक्रियाबारे विशेष गरी माध्यमिक विद्यालयका विद्यार्थी तथा सर्वसाधारणलाई जानकारी दिने उद्देश्यले आयोजना गरिएको हो ।

सोही समारोहमा अध्यक्ष डा. उपाध्यायले भूगर्भशास्त्रको परीक्षामा उत्कृष्ट स्थान प्राप्त गर्ने विभिन्न ९ जना विद्यार्थीलाई नाओमुरा फाउन्डेसन छात्रवृत्तिवापत जनही १० हजार रूपियाँ वितरण गर्नुभयो। सो छात्रवृत्ति एक जापानी नागरिक स्व.ताकुजो नाओमुराले जापानमा खडा गर्नुभएको अक्षयकोषबाट प्राप्त रकमबाट त्रिविका तथा नेपालका विद्यालयका विद्यार्थीहरूलाई प्रदान गर्ने गरिएको छ । यसका लागि सन् २००१ मा नाओमुरा फाउन्डेसन स्थापना गरिएको छ ।

सो समारोहलाई सम्बोधन गर्दै डा. उपाध्यायले यस्ता प्रदर्शनीले पृथ्वीको भौगर्भिक बनावट र प्रक्रिया बुझ्न विद्यार्थीहरूलाई सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा भूगर्भशास्त्र विभागका प्रमुख प्रा.डा. विशालनाथ उप्रेतीले स्वागत मन्तव्य दिंदै स्कूलका विद्यार्थीहरूलाई भूगर्भशास्त्रका जटिल प्रक्रियाहरू सजिलोसंग बुझाउनका लागि भौगर्भिक प्रदर्शनी-२०६२ आयोजना गरिएको जानकारी दिनुभयो । साथै उहाँले नाओमुरा फाउन्डेसन छात्रवृत्तिबारे पनि प्रकाश पार्नुभएको थियो ।

समारोहमा जाइका नेपालका आवासीय प्रतिनिधि सिन्जी योसिउराले भूगर्भशास्त्र विभागले गरेका प्राज्ञिक कामहरूप्रति खुशी व्यक्त गर्दै यस्तो किसिमको प्रदर्शनीबाट विद्यार्थी तथा सर्वसाधारणलाई भूगर्भ विज्ञानबारे जानकारी दिन सहयोग पुग्ने बताउनुभयो ।

त्रिचन्द्र क्याम्पसका प्रमुख राजेन्द्रप्रसाद चौधरीको सभापतित्वमा भएको सो समारोहमा रोनास्टका सदस्य सचिव प्रा.डा. कृष्ण मानन्धर र भौगर्भिक विद्यार्थी समाजका प्रतिनिधि लेखनाथ पौडेलले पनि आ-आफ्नो विचार राख्नुभएको थियो ।

# जनसंख्या व्यवस्थापन अति जरुरी

काठमाडौं । त्रिवि जनसंख्या अध्ययन केन्द्रीय विभाग, जनसंख्या अनुसन्धान तथा तालिम केन्द्रद्वारा आयोजित जनसंख्या, लैंगिक तथा विकास विषयक एक महिने तालिमको राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा.विजया श्रेष्ठले भदौ १४ गते उद्‌घाटन गर्नुभयो ।

संयुक्त राष्ट्र संघीय जनसंख्या कोषको सहयोगमा जनसंख्या, लैंगिक तथा विकास विषयमा तालिम तथा शैक्षिक कार्यक्रमहरू संचालन गर्न त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय तथा उक्त कोषबीच सम्झौता भइसकेको छ र सोहीअनुसार पाठ्यक्रम तयार पारी राष्ट्रियस्तरमा उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने प्रयासस्वरूप केन्द्रीय विभागको भवनमा आयोजित सो तालिम असोज १२ गतेसम्म संचालन हुनेछ ।

प्रमुख अतिथिको आसनबाट समारोहलाई सम्बोधन गर्दै राष्ट्रिय योजना आयोगका सदस्य डा. श्रेष्ठले नेपाल विश्वमा तीव्ररूपमा जनसंख्या बढिरहेको गरिव राष्ट्र हो र यो देशमा आर्थिक गतिविधि कम हुनाका कारण रोजगारीको अवसर पनि साह्रै कम मात्र उपलब्ध रहेका कारण मुलुकको जनसंख्या व्यवस्थापन अति जरूरी रहेको बताउनुभयो ।

मानविकी तथा सामाजिक शास्त्र संकायका डीन प्रा.डा. रमेशराज कुँवरको सभापतित्वमा भएको सो उद्‌घाटन समारोहको प्रारम्भमा स्वागत मन्तव्य दिंदै विभागीय प्रमुख प्रा.डा. वालकुमार केसीले नेपालमा पहिले आयु कम, मृत्युदर बढी आदि स्थिति रहेकोमा अहिले यी सबै कुरामा परिवर्तन आइसकेको छ भन्नुभयो ।

संयुक्त राष्ट्र संघीय जनसंख्या कोषका प्रतिनिधि जुन्को साजाकीले नेपालमा गरिवी निवारण कार्यक्रमका लागि कोषले सरकारसँग मिलेर नयाँ कार्यक्रम तय गर्ने चरणमा रहेको बताउँदै लैंगिक, गरिवी तथा जनसंख्याका कुराहरू समाधान गर्न दक्ष जनशक्तिको आवश्यकता पर्ने भएकोले तालिम महत्वपूर्ण छ भन्नुभयो ।

तालिम केन्द्रका निर्देशक डा. रामशरण पाठकले तालिम कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

तालिममा राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालय र विभिन्न जिल्ला विकास समितिका अधिकृतहरू, त्रिविका सम्बन्धित विषयका शिक्षकहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको छ ।




**जनसंख्या केन्द्रीय विभागद्वारा आयोजित गोष्ठीको एक दृश्य ।**
*(तस्वीर:त्रिवि सूचना शाखा)*

# सदस्यहरूमा मनोनयन

काठमाडौं । त्रिभुवन विश्वविद्यालय अनुगमन समितिको रिक्त सदस्यमा व्यवस्थापन संकायका डीन प्रा.डा. पराशर कोइराला र विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. डिल्लीदेवी शाक्यलाई मनोनयन गरिएको छ ।

त्यसै गरी सोही समितिका उपप्राध्यापकद्वय सुश्री शारदा सिंह र दुर्गाप्रसाद पाण्डेलाई समितिको रिक्त सदस्यमा अर्को व्यवस्था नभएसम्मका लागि मनोनयन गरिएको छ ।

उहाँहरूलाई त्रिवि अनुगमन समितिसम्बन्धी व्यवस्थापन प्रणाली २०५४ अनुसार २०६२ भदौ १९ गतेको निर्णयबमोजिम नियुक्त गरिएको हो ।

# बाउन्नौं वाणिज्य दिवस मनाइयो

काठमाडौं । शंकरदेव क्याम्पसमा ५२ औं वाणिज्य दिवस भदौ १७ गते एक समारोहको आयोजना गरी मनाइयो ।

समारोहमा एमबीएस प्रथम वर्षको परीक्षामा क्याम्पसबाट सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने विद्यार्थी संजोग सुब्बालाई विणादेवी प्रधान पुरस्कार र डा. गोविन्दराम अग्रवाल पदक तथा बीबीएस तहमा क्याम्पसबाट प्रथम स्थानमा उत्तीर्ण हुने छात्रा सरिना श्रेष्ठलाई धनपति भण्डारी पदक र डा. गोविन्दराम अग्रवाल पदक प्रदान गरिएको थियो ।

साथै सो समारोहमा क्याम्पसमा लगातार २० वर्ष सेवा गरेका उपप्राध्यापक शशिकान्त मैनालीलाई दीर्घसेवा पदक तथा यसै वर्ष अवकाश प्राप्त गर्नुभएका प्रा.उपेन्द्रबहादुर प्रधानाङ्ग र प्रा.डा. गोविन्दराम अग्रवाललाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

क्याम्पस प्रमुख श्रीमती अमुदा श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा वक्ताहरूले वाणिज्य-व्यवस्थापन शिक्षाको महत्वबारे प्रकाश पारेका थिए ।

# पैंतालीस वर्षपछि पहिलो पटक वार्षिक दिवस कार्यक्रम

*काठमाडौं । तेन्हथुम क्याम्पस, चुहानडाँडाले क्याम्पसको ४५ औं वार्षिकोत्सव भदौ २७ गते एक समारोहको आयोजना गरी मनाएको छ ।*

*पूर्वी नेपालका ३ जिल्ला पाँचथर, ताप्लेजुङ र तेन्हथुमको लगभग केन्द्रविन्दुमा रहेको सो क्याम्पसले आफ्नो स्थापनाको ४५ औं वर्षपछि पहिलो पटक वार्षिकोत्सव मनाएको सो क्याम्पसले जनाएको छ ।*

*वार्षिकोत्सव समारोहको उद्घाटन क्याम्पस प्रमुख शैलेन्द्रनारायण मल्लिक एवं क्याम्पसका संस्थापकद्वय लक्ष्मीप्रसाद उप्रेती र हरिप्रसाद थपलियाद्वारा संयुक्त रूपमा गरिएको थियो ।*

*कार्यक्रममा क्याम्पसको शैक्षिक प्रतिवेदन सहायक क्याम्पस प्रमुख ध्रुवप्रसाद भट्टराई एवं आर्थिक तथा भौतिक विकास प्रतिवेदन सहायक प्रशासक केशवप्रसाद थपलियाले प्रस्तुत गर्नु भएको थियो ।*

*क्याम्पसको विकास निर्माणमा सघाउने एवं छात्रवृत्ति प्रदान गर्ने ८ जना दाता महानुभाव तथा त्रिविबाट दीर्घसेवा पदक प्राप्त गर्ने ५ जना कर्मचारीहरूलाई दोसल्ला ओढाई सम्मान गरिएको सो समारोहमा क्याम्पसका विद्यार्थीहरूले यस भेगका लोपोन्मुख संगिनीनाच, बालुननाच, ढोलनाच र डम्फूनाच प्रस्तुत गरेका थिए । यसै गरी विभिन्न लोक नृत्य एवं भलिबल खेल प्रतियोगिता गराइएकोमा विजयीहरूलाई शिल्ड, कप, पदक प्रमाणपत्र लगायत नगद पुरस्कारद्वारा पुरस्कृत गरिएको थियो ।*

*सो कार्यक्रममा जिविसका पूर्व उप सभापति तेजमान कन्दङ्वा, विभिन्न उमाविका प्रिन्सिपल लगायत विभिन्न महानुभावहरूले शुभकामना मन्तव्य दिनु भएको थियो ।*

# डीनमा डा. शाक्य नियुक्त



काठमाडौं । त्रिभुवन विश्वविद्यालयले विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन पदमा प्रा.डा. डिल्लीदेवी शाक्यलाई २०६२ भदौ ६ गतेदेखि लागू हुने गरी नियुक्त गरेकोछ ।

डीनमा नियुक्त हुनुअघि वनस्पति शास्त्र केन्द्रीय विभागमा कार्य गरिरहनु भएका प्रा.डा. शाक्यले सन् १९९३ देखि १९९८ सम्म व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट)मा कार्यकारी निर्देशकको पद पनि सम्हाली सक्नुभएको छ । उहाँ वनस्पति शास्त्रका प्राध्यापक हुनुहुन्छ ।

# सम्बन्धन प्रदान

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले वन विज्ञान अध्ययन संस्थानअन्तर्गत बीएस्सी फरेस्ट्री कार्यक्रम संचालन गर्न काठमाडौं फरेस्ट्री कलेजलाई अस्थायी सम्बन्धन प्रदान गरेको छ ।

# विभिन्न पदमा नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई निम्नअनुसार नियुक्त गरेको छ :**

| नाम | पद | नियुक्ति स्थान | नियुक्ति मिति |
|---|---|---|---|
| डा. उमाकान्त राय यादव | विभागीय प्रमुख | वातावरण विज्ञान केन्द्रीय विभाग | २०६२।५।६ |
| श्री प्रकाश बन्धु रेग्मी | क्याम्पस प्रमुख | बुटवल बहुमुखी क्याम्पस,बुटवल | २०६२।५।२६ |
| डा. इश्वरीप्रसाद ढकाल | निर्देशक | भेटेरीनरी शिक्षण अस्पताल,रामपुर | २०६२।५।१ |
| डा. श्री राम खेलावन साह | सह परीक्षा नियन्त्रक | मध्य पश्चिमाञ्चल विकास क्षेत्र,नेपालगंज | २०६२।४।२८ |
| श्री शैलेन्द्रमान प्रधान | सहायक क्याम्पस प्रमुख | पाटनसंयुक्त क्याम्पस,पाटनढोका | २०६२।३।१६ |
| श्री केशवप्रसाद घिमिरे | ,, | ,, | ,, |
| श्री युवराज अधिकारी | ,, | ,, | ,, |
| डा. गोविन्दनारायण झा | ,, | ,, | ,, |
| श्री मञ्जुश्री श्रेष्ठ | ,, | ,, | ,, |
| श्री लक्ष्मणलाल श्रेष्ठ | ,, | ,, | ,, |
| श्री सत्यनारायण यादव | ,, | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | २०६२।५।१ |
| डा. घनश्याम न्यौपाने | ,, | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | ,, |
| श्री सुदर्शनप्रसाद नेपाल | ,, | ,, | २०६२।५।७ |
| श्री गुरुप्रसाद गौतम | ,, | सुर्खेत क्याम्पस, सुर्खेत | २०६२।५।१९ |
| श्री झगप्रसाद बराल | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर,झापा | २०६२।५।२१ |
| श्री प्रेमप्रसाद भट्टराई | ,, | ,, | ,, |
| श्री चूडामणि वाशिष्ठ | ,, | ,, | ,, |
| श्री ध्रुवकुमार भण्डारी | ,, | ,, | ,, |
| श्री टेकबहादुर जिसी | ,, | गोरखा क्याम्पस,गोरखा | २०६२।४।२३ |



तिब्बती युवा प्रतिनिधिमण्डलका नेता थुन डुप (बायाँ) लाई त्रिविका उपकुलपति प्रा.डा. गोविन्दप्रसाद शर्मा उपहार प्रदान गर्नुहुँदै । *(तस्वीरः त्रिवि सूचना शाखा)*

## त्रिविमा तिब्बती प्रमण्डल

काठमाडौं । नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० औं वार्षिकोत्सवको उपलक्ष्यमा चीनको स्वशासित क्षेत्र तिब्बतका जनराजनीतिक परामर्श सम्मेलनका उपाध्यक्ष थुन डुपको नेतृत्वमा नेपालमा आएको १४ सदस्यीय युवा प्रतिनिधिमण्डलले त्रिविका उपकुलपति प्रा.डा. गोविन्दप्रसाद शर्मासंग भदौ ६ गते भेटघाट गऱ्यो ।

उक्त अवसरमा त्रिवि र तिब्बतबीच शैक्षिक क्षेत्रमा सहयोगका सम्भावनाबारे छलफल भएको थियो ।

त्रिवि केन्द्रीय कार्यालयमा भएको सो भेटघाटको अवसरमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. महेन्द्र सिंह, रजिस्ट्रार गीताभक्त जोशीको पनि उपस्थिति रहेको थियो ।

# सेवाबाट हटाउने निर्णय

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को विभिन्न मितिमा बसेको बैठकले त्रिवि शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० बमोजिम विनासूचना लामो समयसम्म कार्यालयमा अनुपस्थित रहेका निम्न शिक्षक/कर्मचारीलाई अनुपस्थित रहेको मितिदेखि नै लागू हुने गरी सेवाबाट हटाउने निर्णय गरेको छः

| शिक्षक/कर्मचारीको नाम | सेवामा छंदाको निकाय | पद | अनुपस्थित मिति |
|---|---|---|---|
| डा. सम्पूर्णानन्द ढुंगाना | महाराजगंज क्याम्पस,महाराजगंज | सह प्राध्यापक | २०५८।६।८ |
| श्री अर्जुनकुमार उदास | मनोविज्ञान केन्द्रीय विभाग,कीर्तिपुर | उपप्राध्यापक | २०५६।६।१८ |
| श्री अर्जुनबन्धु रेग्मी | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | ,, | २०५८।८।३ |
| श्री सुनमाया पुन | त्रिवि शिक्षण अस्पताल,महाराजगंज | स्टाफ नर्स | २०६०।१।२३ |
| श्री मन्जुदेवी बडाल | ,, | ,, | २०६०।२।३२ |
| श्री सावित्री गैरे | ,, | ,, | २०६०।७।४ |
| श्री गोपाल आलेमगर | श्री ५ वीरेन्द्र शुभराज्याभिषेक उद्यान,कीर्तिपुर | चौकीदार | २०६०।४।१ |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा हुने भएकोले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागू मिति |
|---|---|---|---|
| श्री भुवनमान सिंह राजभण्डारी | रत्नराज्यलक्ष्मी क्याम्पस,भृकुटीमण्डप | सह प्राध्यापक | २०६२।३।१७ |
| श्री शिवशरण शुक्ल | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | ,, | २०६२।३।२६ |
| डा. गोविन्दराम अग्रवाल | शंकरदेव क्याम्पस,पुतलीसडक | प्राध्यापक | २०६२।४।९ |
| श्रीमती रूद्र लक्ष्मी श्रेष्ठ | पाटन संयुक्त क्याम्पस,पाटनढोका | उप प्राध्यापक | २०६२।५।१६ |
| श्री मुरारिप्रसाद रेग्मी | मनोविज्ञान केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६२।५।२० |
| श्री शंकरराज पन्त | गणित केन्द्रीय विभाग,कीर्तिपुर | ,, | २०६२।६।१५ |
| श्रीमती सुदर्शना मल्ल | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | सह प्राध्यापक | २०६२।७।१५ |
| डा. रामविलास गुप्ता | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | प्राध्यापक | २०६२।७।१६ |
| डा. रामबहादुर थापा | महेन्द्र रत्न क्याम्पस,ताहाचल | सह प्राध्यापक | २०६२।७।२९ |
| डा. रामस्वार्थ झा | रारा बहुमुखी क्याम्पस,जनकपुर | सहप्राध्यापक | २०६२।७।२९ |
| डा. शीतलराज बस्नेत | माइक्रोबायोलोजी के.विभाग,कीर्तिपुर | प्राध्यापक | २०६२।८।१६ |
| श्री बोधराज काफ्ले | सरस्वती बहुमुखी क्याम्पस, लैनचौर | सह प्राध्यापक | २०६२।८।२० |
| डा. आनन्दप्रसाद श्रेष्ठ | कृषि र पशुविज्ञान अ.संस्थान | प्राध्यापक | २०६२।८।२९ |

# विभिन्न क्याम्पसमा कार्यक्रम थप्न स्वीकृति

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निम्न क्याम्पसहरूलाई निम्न अध्ययन संस्थान वा संकायअन्तर्गत निम्न तह र कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरेको छ :

| क्याम्पसको नाम तथा ठेगाना | अ.सं./संकाय | तह | कार्यक्रम |
|---|---|---|---|
| ❖ शिखरापुर क्याम्पस,दक्षिणकाली,काठमाडौं | मा.तथा सा.शास्त्र संकाय | स्नातक | बीए |
| ❖ काठमाडौं बर्नहार्ड कलेज,ताहाचल,काठमाडौं | ,, | ,, | ,, |
| ❖ कैलाशकुट बहुमुखी क्याम्पस,मित्रपार्क,काठमाडौं | ,, | ,, | ,, |
| ❖ कन्काई आदर्श आवासीय क्याम्पस,झापा | ,, | ,, | ,, |
| ❖ सिद्धार्थ गौतम बुद्ध क्याम्पस, बुटवल | शिक्षाशास्त्र संकाय | ,, | तीन वर्षे बीएड |
| ❖ पराशर कलेज,दमौली,तनहुँ | ,, | ,, | ,, |
| ❖ पाथीभरा क्याम्पस,ताप्लेजुङ | ,, | ,, | ,, |
| ❖ देवचुली कलेज, रजहर,नवलपरासी | ,, | ,, | ,, |
| ❖ मोडल कलेज, जनकपुर | विज्ञान तथा प्र.अ.संस्थान | ,, | बीएस्सी |
| ❖ ललितपुर भ्याली कलेज,जावलाखेल,ललितपुर | ,, | ,, | ,, |
| ❖ कलेज अफ एप्लाइड साइन्सेस-नेपाल,सातदोबाटो | ,, | ,, | ,, |
| ❖ तेजगंगा क्याम्पस, पनौती | व्यवस्थापन संकाय | ,, | बीबीएस |
| ❖ अरनिको कलेज, बाऱ्हबीसे | ,, | ,, | ,, |
| ❖ मिलेनियम बहुमुखी क्याम्पस, तानसेन,पाल्पा | ,, | ,, | ,, |
| ❖ क्यास्पियन भ्याली कलेज, कुमारीपाटी,ललितपुर | ,, | ,, | ,, |
| ❖ सुदूर पश्चिमाञ्चल क्याम्पस,धनगढी,कैलाली | ,, | ,, | ,, |
| ❖ ललित बहुमुखी क्याम्पस, पुल्चोक,ललितपुर | ,, | ,, | ,, |
| ❖ आइन्स्टाइन एकेडेमी, महालक्ष्मीचोक,ललितपुर | ,, | ,, | ,, |
| ❖ मेट्रो कलेज, नयाँ बानेश्वर,काठमाडौं | ,, | ,, | ,, |
| ❖ विश्वशान्ति क्याम्पस,बांसवारी,काठमाडौं | ,, | ,, | ,, |
| ❖ भानुभक्त ब.क्याम्पस, खैरेनी-बेलचौतारा,तनहुँ,, | ,, | ,, | ,, |
| ❖ रत्न पब्लिक क्याम्पस, कोटेश्वर,काठमाडौं | ,, | ,, | ,, |
| ❖ प्राइम कलेज,नयाँवजार,काठमाडौं | ,, | ,, | ,, |
| ❖ जनज्योति बहुमुखी क्याम्पस,महेन्द्रनगर,कंचनपुर | ,, | ,, | ,, |
| ❖ जनसेवा वाणिज्य क्याम्पस,घोराही,दांग | ,, | ,, | ,, |
| ❖ बुद्धज्योति कलेज, सिद्धार्थनगर, रूपन्देही | ,, | ,, | ,, |
| ❖ होप नेशनल कलेज, वानेश्वर,काठमाडौं | ,, | ,, | ,, |


| | | | |
|---|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ | **प्रापक:** |
| E-mail | : | tuinformation@yahoo.com | |
| **सम्पादक** | : | प्रेमकृष्ण चित्रकार | |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य | |
| **कम्प्युटर** | : | पद्मरत्न चित्रकार | |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ | |


***त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन, बुलेटिन विशेषाङ्क-२०६२ तथा TU Today-2005 का साथै अनुसन्धान महाशाखा र अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका प्रकाशनहरु www.tribhuvan-university.edu.np वेबसाइटमा उपलब्ध छ ।***

/